# बैंठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका २०७६

प्रमाणिकरण मितिः- २०७६/१२/०२

नियमावली नं.:- २१

**प्रस्तावनाः** गाउँपालिकामा बस्ने बैठकहरु तथा पदाधिकारी र कर्मचारीहरुबाट हुने भ्रमणको खर्चलाई व्यवस्थित बनाउन आवश्यक भएकोले लिखु गाउँपालिकाको आर्थिक ऐन २०७५ को दफा ३१ बमोजिम मिति २०७६/११/२९ मा बसेको बैठकले यो बैंठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका २०७६ बनाई लागु गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "बैंठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका २०७६" रहेको छ ।

(२) यो निर्देशिका तत्काल लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई जनाउनेछ ।

(ख) "पदाधिकारी" भन्नाले गाउँसभा सदस्य, गाउँकार्यपालिका सदस्य तथा गाउँपालिकाको निर्णय अनुसार गठित विभिन्न समितिहरुका सदस्यहरुलाई जनाउनेछ । सो शब्दले उक्त समितिको सचिवलाई समेत जनाउनेछ ।

(ग) "कर्मचारी" भन्नाले गाउँपालिकामा कार्यरत नियमित तलब खानेगरी नियुक्त कर्मचारीलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले प्रदेश नं. १ लाई जनाउनेछ ।

(च) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(छ) "बैंठक" भन्नाले गाउँसभा, गाउँ कार्यपालिका, वडा कार्यालय तथा कानून बमोजिम गठित विभिन्न समिति, उपसमिति तथा कार्यदलहरुको बैठक समेत जनाउदछ ।

## परिच्छेद २
## बैंठक भत्ता सम्बन्धी व्यवस्था

३. **बैंठक भत्ता उपलब्ध गराउन सक्ने :** (१) गाउँपालिकाले बैठक बस्दा पदाधिकारीलाई बैठक भत्ता उपलब्ध गराउनेछ ।

(२) कानून बमोजिम गठन भएका विभिन्न समिति तथा उपसमितिका बैठकहरुमा आमन्त्रीत सदस्यमा सहभागि जनाउने सदस्यहरुलाई बैठक भत्ता उपलव्ध हुने छैन ।

तर, विषय विशेषज्ञको रुपमा अतिआवश्यक ठानि समिति संयोजकले पत्राचार गरी आमन्त्रीत सदस्यका रुपमा उपस्थित गराएमा बैठक भत्ता उपलव्ध गराउन बाधा पुर्याएको मानिने छैन ।

४. **बैंठक भत्ताको दर :** (१) दफा ३ बमोजिम हुने बैठकमा सहभागि हुने पदाधिकारीले प्रदेश कानुन बमोजिम प्रति बैठक रु. १००० का दरले बैठक भत्ता पाउने छन् ।

(२) एकै दिनमा बैठक सम्पन्न नभई लगातार बैठक बस्नु परेमा बैठक बसेको व्यहोरा बैठक निर्णय पुस्तिकामा उल्लेख भएमा बैठकमा सहभागि भएको सबै दिनको भत्ता उपलब्ध गराउन बाधा परेको मानिने छैन ।

(३) भत्ता वितरण गरेको बैठकमा पदाधिकारीहरुको उपस्थिती र गरेका निर्णयहरुको प्रतिलिपी सम्बन्धित भर्पाईमा राख्नुपर्नेछ ।

**५. कर कट्टा गर्नुपर्ने :** (१) बैठक भत्ता वापत वितरण गरिने रकममा भत्ता वितरण गर्ने निकायले नियमानुसार १५ प्रतिशत कर कट्टा गर्नु पर्नेछ ।

(२) कर वापत कट्टा गरेको रकम सम्बन्धित राजश्व खातामा जम्मा गरिनेछ ।

**६. वडा समितिको बैठक :** (१) वडा समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकको भत्ता पाउने छन् ।

(२) तर उपदफा (१) बमोजिमको बैठक भत्ता औचित्यताको आधारमा महिनामा दुई वा तीन पटक सम्मका लागि मात्र व्यवस्था हुनेछ ।

## परिच्छेद ३
## स्थानीय यातायात खर्च (गाडी भाडा) सम्बन्धी व्यवस्था

**७. स्थानीय यातायात खर्च उपलब्ध हुने : (१)** बैठकमा सहभागि हुने पदाधिकारीहरुले सार्वजनिक सवारी साधन प्रयोग गरेर आएको खण्डमा स्थानीय यातायात वापत दुरिको आधारमा प्रत्येक पटक बढिमा रु. २०० प्राप्त हुनेछ । यातायातको विवरण पेश गर्नु पर्नेछ ।

(२) सरकारी सवारी साधन प्रयोग गर्ने पदाधिकारीका लागि यातायात खर्च उपलब्ध हुनेछैन । तर, कार्यपालिकाको निर्णय अनुसार फ्युल उपलव्ध गराईनेछ ।

## परिच्छेद ४
## दैनिक भ्रमण भत्ता तथा फिल्ड भत्ता सम्बन्धी व्यवस्था

**८. दैनिक भ्रमण भत्ता उपलब्ध गराउनेः** (१) गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीलाई गाउँपालिकाको कामकाजमा गाउँपालिका क्षेत्र भन्दा बाहिर जानु परेमा अधिकार प्राप्त अधिकारीबाट भ्रमण आदेश स्वीकृत गराई भ्रमण गरेमा तोकिए बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुनेछ ।

(२) स्थायी कर्मचारी सरुवा भई गएमा नियमानुसार दैनिक भ्रमण भत्ता उपलव्ध हुनेछ ।

(३) कुनै सरकारी तथा गैरसरकारी निकायको आयोजनामा हुने कार्यक्रममा सहभागि हुन जाँदाका हकमा कार्यक्रम आयोजक संस्थालेनै भ्रमण खर्च व्यहोर्ने भनी उल्लेख भई आएमा त्यस प्रकारको भ्रमणमा भ्रमण खर्च स्वीकृत गरीनेछैन ।

(४) उपदफा (१) बमोजिम भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले भ्रमण भत्ता माग गर्दा तोकिए बमोजिमको ढाँचामा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

(५) पदाधिकारी तथा कर्मचारीले प्राप्त गर्ने दैनिक भ्रमण भत्ताको दर पद र श्रेणी अनुसार प्रदेश कानूनले तय गरे बमोजिम हुनेछ ।

९. **प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता उपलब्ध गराउनेः** (१) नियमित रुपमा फिल्डमा गएर आयोजनाहरुको कार्यान्वयनमा काम गर्नुपर्ने गाउँपालिकाका नियमित प्राविधिक कर्मचारीलाई कार्य प्रतिवेदनका आधारमा कार्यपालिकाको निर्णय अनुसार फिल्ड भत्ता उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने फिल्ड भत्ता रकम आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सि) बाट खर्च गरिनेछ ।

१० **अनुगमन भत्ता उपलब्ध हुनेः** योजना अनुगमन समिति, पदाधिकारी तथा कर्मचारीलाई कार्यादेश वा भ्रमण आदेश र अनुगमनको विवरणको आधारमा आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सि) शिर्षकबाट अनुगमन भत्ता उपलब्ध गराईनेछ ।

## परिच्छेद ५
## काज स्वीकृत सम्बन्धी व्यवस्था

११. **काज स्वीकृत गर्नु पर्ने :** (१) दैनिक भ्रमणमा जाने कर्मचारी तथा पदाधिकारीले भ्रमणको औचित्य सहित सम्बन्धित पदाधिकारीबाट काज स्वीकृत पश्चात मात्र भ्रमण गर्नुपर्नेछ ।

(२) अध्यक्ष हकमा तीन दिन सम्मको भ्रमण आदेश स्वयमले स्वीकृत गर्न सक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेश कार्यपालिकाको बैठकबाट स्वीकृत तथा अनुमोदन गर्नु पर्नेछ ।

(३) उपाध्यक्षमा हकमा बढिमा २ दिन सम्मको भ्रमण गर्नु पर्दा अध्यक्षलाई कारण र उद्देश्यको जानकारी गराई स्वयमले भ्रमण आदेश स्वीकृत गर्न सक्ने र सो भन्दा बढि दिनको लागि अध्यक्षबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ ।

(४) गाउँसभाका सदस्य, कार्यपालिकाका सदस्य, गाउँसभा र कार्यपालिकाबाट गठित विभिन्न समिति, उपसमिति तथा कार्यदलका पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृतको काज अध्यक्षबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) गाउँपालिका तथा वडा कार्यालयहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको काज स्वीकृत प्रमुख प्रशासकीय अधिकृतबाट गराउनु पर्नेछ ।

## परिच्छेद ६
## खाना, खाजा सम्बन्धी व्यवस्था

१२. **बैठकको चिया खाजा सम्बन्धी व्यवस्था** (१) बैठकहरुमा सहभागि सदस्य, तथा तोकिएको सहयोगी कर्मचारीको संख्याका आधारमा प्रति व्यक्ति प्रति बैठक रु. २००।- ले नबढ्ने गरी चिया खाजाको व्यवस्था गरिनेछ तर उक्त रकम नगद वितरण गरिने छैन ।

(२) विहानै देखि बैठक बस्नु परेमा वा सोही दिन बैठक सम्पन्न नभई भोलिपल्ट बैठक बस्नु परेमा बैठकमा सहभागि सदस्य तथा तोकिएका कर्मचारीलाई चमेनागृह संचालन समितिले तोकेको दररेटमा खाना तथा आवासको व्यवस्था गाउँपालिकाले गर्न सक्नेछ ।

१३. **अन्य व्यवस्था**

(१) यस निर्देशिकामा उल्लेख गरिए बाहेकको बिशेष परिस्थितीमा बैठक बस्नु वा भ्रमण गर्नु परेमा अध्यक्षको परामर्शमा कार्यपालिका बैठकले निर्णय गरे बमोजिम हुनेछ । उक्त बैठक वा भ्रमण गर्दा लाग्ने खर्च यसै कार्यविधि वा प्रदेश कानूनमा उल्लेख गरे बमोजिम हुनेछ ।

(२) यस निर्देशिकामा लेखिएको बैठक भत्ता सम्बन्धी व्यवस्थामा यसै बमोजिम हुने र यस निर्देशिकामा नलेखिएको सम्बन्धमा प्रदेश कानून बमोजिम हुनेछ ।